स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'ह्रस्व दीर्घ'मार्फत अभिनेत्री विपना थापा ठूलो पर्दामा फर्किइन् । पारिवारिक कारणले गर्दा लामो समय यस क्षेत्रबाट टाढा भएँ । अहिले काममा फर्किएकी छु । 'यसपटक काम गर्दा पहिलो चलचित्र झैं अनुभव गरें । छायाङ्कन अनुभवलाई शब्दमा व्यक्त गर्न सक्दिनँ,' अभिनेत्री थापाले भनिन्, 'कुनै समय हामी अभिनेत्रीको भूमिकामा देखिएका थियौं, अहिले सहायक भूमिकामा देखिने गरेका छौं । पात्र जस्तो भए पनि त्यसको प्रभाव समग्र कथामा देखिनुपर्छ । अब मैले अभिनयलाई निरन्तरता दिने सोचअनुसार काम गरिरहेकी छु ।'

**आजको विचार...**



श्रीकृष्ण सुलु

तपाई... (दुई पेजमा)



चलचित्रको प्रस्तुतीकरण र कथ्य शैलीमा आएको परिवर्तनसँगै उनीहरू पर्दाबाट हराए तापनि चलचित्रमा पुनरागमन गर्न सफल भए । एक दशक अगाडि 'वर दान' नामक चलचित्रमा देखिएकी अभिनेत्री रेजिना उप्रेतीले गत साउनमा प्रदर्शन भएको 'मोदीबेनी' चलचित्रमा अभिनय गरिन् । विशेषत: डिजिटल प्रविधिमा चलचित्र बन्ने क्रम बढेपछि उनी चलचित्रबाट टाढा भएकी थिइन् । उनको आगमनसँगै शुरु भएको पुराना अभिनेत्रीहरुको चलचित्रमा पुनरागमनले निरन्तरता पाइरहेको छ ।

❒ वर्ष ३० ❒ अंक १२८ ❒ २०८१ मंसिर १६ गते आइतबार 1 December 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पढ्दै, कमाउदै रीता

## पढ्नमा मेहनती र लगनशील रहेकी उनी आफ्नो पढाइ खर्च सुन्तला बेचेरै जुटाउँछिन् । दैनिक दिउँसो, साझाँ सडक छेउको मन्दिरको पेटीमा सुन्तला बेचेर आफूसँगै तीन बहिनीलाई समेत उनले पढाउने गरेकी छन् ।

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १५/जिल्लाको सदरमुकाम तानसेनस्थित शितलपाटी नजिकै मन्दिरको डिलैमा सुन्तला विक्री गर्नमै व्यस्त छिन् रीता घर्ती । बगनासकाली गाउँपालिका -४ खानीछापकी घर्ती दिनहुँ जसो मन्दिरको डिलमा बसेर सुन्तला विक्री गर्ने गरेको देखिन्छ । उनी तानसेनको जनता नमूना मावि (जेभिटी) मा कक्षा १२ मा पढ्छिन् । तानसेनमै कोठा भाडामा बसेर बढ्दै आएकी घर्ती अहिले परीक्षा दिएर बसेकी छन् । उनका बुवा वैदेशीक रोजगारमा छन् । आमा भने गाउँमै कृषि गर्छिन् । पढ्नमा मेहनती र लगनशील रहेकी उनी आफ्नो पढाइ खर्च सुन्तला बेचेरै जुटाउँछिन् । दैनिक दिउँसो, साझाँ सडक छेउको मन्दिरको पेटीमा सुन्तला बेचेर आफूसँगै तीन बहिनीलाई समेत उनले पढाउने गरेकी छन् । घर्तीले घरमै फलेका सुन्तला सदरमुकाममा बेच्ने गरेकी छन् । घरबाट आमा बेनी घर्तीले सुन्तला टिपेर गाडीमा पठाइदिने गर्छिन् । तिनै सुन्तला लिएर रीता दिनहुँ पेटीमा बसेर बेच्ने गर्छिन् । सुन्तला बेच्नमा उनलाई बहिनीहरु इन्द्रा र रचनाले समेत सहयोग गर्दै आएका छन् । दैनिक १० देखि २० किलोसम्म सुन्तला बेच्ने गरेको



रीता बताउँछिन् । उनी भन्छिन्, 'घरबाट आमाले गाडीमा सुन्तला पठाइदिनुहुन्छ, यहाँ हामीहरुले ल्याएर बेच्ने गर्छौं, सुन्तला बेचेको पैसा जम्मा गरेर घर आमालाई नै पठाइदिन्छौं, हामीलाई किताब,कापी, कलम, स्कूल फि, कोठा भाडा र खाना खर्च आवश्यक पर्दा त्यही पैसा अड्कलेर घरबाट पठाइदिनुहुन्छ ।' सुन्तला बेचेको पैसाले घर खर्च र पढाइ खर्च जुटेको उनको भनाई छ । विहान पढ्न जाने र पढेर आएपछि खाना खाई तीनै जना बहिनीहरु मिलेर सुन्तला लिएर दिनहुँ शितलपाटी पुग्ने गर्छन् । बाटोमा हिड्नेहरु समेत पढ्ने उमेरमा सुन्तला बेच्न राखेको देखेर दङ्ग पर्दै सोधबुझ गरी सुन्तला किनेर लैजाने गर्छन् । रीताले सुन्तला किन्न आउने ग्राहकहरुलाई मुस्कानसहित फेरी पनि आउनुहोला है भन्दै सुन्तला दिएर पठाउन्छिन् ।

सुन्तला किन्न पुगेका स्थानीय राजेन्द्र गोपाल सिंहले पढ्ने उमेरकी रीताले सुन्तला बेचेर बसेको देख्दा दङ्ग पर्दै भने 'यो उमेरका नानीहरु यसरी सडकमा सामान बेचेर बस्न लजाउन्छन् तर रीता भने हाँस्दै ग्राहकलाई सुन्तला बेचेको देख्दा म अत्यन्त प्रभावित भए ।' प्राय: स्कूल पढ्ने केटाकेटीहरु काम गर्न धक मान्छन् तर उनले पढ्दै कमाउदै गरेको देख्दा सबैले यस्तै गर्ने हो भने समाज र राष्ट्रलाई समृद्धिको दिशामा अगाडि बढाउन सकिने उनको बुझाई छ । सिंहले रीताबाट अरुले पनि पाठ सिक्न जरुरी रहेको बताए । रीताले प्रति किलो एक सयमा सुन्तला विक्री गर्दै आएकी छन् । उनी भन्छिन्, 'अहिले सुन्तलाको सिजन छ, ताजा ताजा टिपेर दिँदा ग्राहकहरु खुसी भएर किन्छन् । कहिलेकाँही त दिनमै दुई हजार रुपैयाँसम्म पनि कमाइ हुन्छ ।' आफ्नो उमेर समूहका सबै साथीहरु घुमफिर र भेटघाटमा समय विताउँदा आफुलाई पनि मन त लाग्छ तर यसरी आम्दानी गरेर पढाइ र घर खर्च जुटाउन पाउँदा भने खुसी लाग्ने रीताको भनाई छ । फुर्सदको समयलाई सदुपयोग गरेर छोराछोरीले मेहेनत गरेको देख्दा बुवा आमा समेत खुसी हुने गरेको उनको अनुभव छ ।

रीताले काम सानो, ठूलो भन्ने नहुने भन्दै आफुलाई काम गर्दा कुनै पनि लाज नलाग्ने बरु गर्व लाग्ने बताउँछिन् । घरमा बारीभरी सुन्तला खेती गरिएको रीताले बताइन् । अहिले बारीभरी लटरम्म फलेका सुन्तला लिन घरमै व्यापारीहरु पुग्ने गरेको उनको भनाई छ । आफ्नै घरमा उत्पादन भएको फलफूल बजारमा ल्याएर बेच्न पाउँदा खुसी लाग्ने गरेको रीताले सुनाइन् ।

## सक्षिप्त समाचार

### बसबाट खसेर दुई जनाको मृत्यु



**काठमाडौँ,** मंसिर १५/बसको ढोकाबाट खसेर शनिबार दुई जनाको मृत्यु भएको छ । काठमाडौँको तारकेश्वर नगरपालिका-८ शेषमतीको लामबगरस्थित शान्तिटोल गेट नजिक बा४ख ७१११ नम्बरको बसको ढोकाबाट खसेर दुई जनाको मृत्यु भएको हो ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार दुर्घटनामा नुवाकोट ककनी गाउँपालिका-५ बस्ने ५० वर्षीय सन्चबहादुर लामा र तादी गाउँपालिका-१ घर भई काठमाडौँ तारकेश्वर-८ लामबगर बस्ने ५८ वर्षीया सुन्तली ओझाको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनाको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा उपचारका क्रममा मृत्यु भएको उनले जानकारी दिए । बसबाट खसेर घाइते भएका बसका सहचालकलाई उपचारका लागि राष्ट्रिय ट्रमासेन्टर पठाइएको प्रहरी नायब महानिरीक्षक कार्कीले बताए । दुर्घटनापछि फरार रहेका बस चालकको प्रहरीले खोजी गरिरहेको छ । -रासस

# आज स्थानीय तह उपनिर्वाचन




**पाल्पा,** मंसिर १५/स्थानीय तह उपनिर्वाचनका लागि आज मतदान हुँदैछ । निर्वाचन आयोगले मतदानका लागि बिहान ७ बजेदेखि साँझ ५ बजेसम्मको समय निर्धारण गरेको छ । विभिन्न स्थानीय तहमा रिक्त रहेका नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तहमा सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ । गर्भवती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) मतदातालाई प्राथमिकताका आधारमा मतदान गर्ने व्यवस्था मिलाइएको छ । मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएका मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र वा सवारी चालक अनुमति पत्रको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउनेछन् । ...**बाँकी अन्तिम पेजमा**

# आज विश्व एड्स दिवस : नेपालमा ९१ प्रतिशतले संक्रमण घट्यो

**पाल्पा,** मंसिर १५/आज ३७ औँ विश्व एड्स दिवस । हरेक वर्ष डिसेम्बर १ का दिन यो दिवस मनाइने गरिन्छ । एड्स तथा यौन रोग सम्बन्धी चेतना र सन्देशमूलक कार्यक्रम आयोजना गरी यो दिवस मनाइँदै छ । सन् १९८१ मा पहिलो एचआइभी संक्रमित फेला परेका थिए ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार नेपालमा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको छ । विश्व एड्स दिवसको अवसरमा जारी गरेको तथ्याङ्कमा सन् २००० को तुलनामा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको हो । सन् २०२३ मा ४ सय ५७ जना मात्र नयाँ एचआइभीका सङ्क्रमित भेटिएका छन् ।

सन् २००० मा पाँच हजार १०० जना नयाँ सङ्क्रमित भेटिएका थिए । सरकारले एचआइभी उपचारमा उल्लेखनीय काम गरेकाले नयाँ संक्रमति कम भइरहेको दावी गरेको छ । सन् २०२३ सम्म नेपालमा ३० हजार ३ सय व्यक्ति एचआइभी




सङ्क्रमित रहेका छन् । विश्वमा आठ करोड ८४ लाख मानिस एचआइभी संक्रक्रमित र चार करोड २३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ । सन् २०२३ मा विश्वमा १३ लाख मानिस एचआइभी संक्रक्रमित भएका थिए । यस्तै एचआइभीबाट मृत्यु हुनेको संख्यामा कमी आएको छ । सन् २०२३ मा २ सय ३१ जनाको संक्रमणको कारणले मृत्यु भएको छ । मानवको प्रतिरक्षा प्रणालीलाई नष्ट गर्ने जिवाणु (ह्युमन इम्युनी डेफिसेन्सी भाइरस) कुनै माध्यमबाट शरीरमा प्रवेश गरेमा रगतमा यसको वृद्धि विकास हुनु नै एचआइभी संक्रमण हो ।

एचआइभीले मानव शरीरको रोगसँग लड्नसक्ने क्षमतालाई कमजोर बनाउँदै लगेपछि जुनसुकै रोगले पनि आक्रमण गरी रोगी तुल्याउन सक्ने अवस्था नै एड्स हो ।

नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेसिने युवाहरू छन् । तीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरू जोखिम समूहभन्दा उच्च छ ।

नेपालमा एचआइभी/एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव कम हुँदै गइरहेको समेत सरकारको दावी छ । संक्रमितको हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा पहुँच बढ्दै गएको पनि उक्त संक्रमण नियन्त्रणमा अझै पनि ठूलो चुनौति रहेको सरकारी अधिकारीहरुले औंल्याएका छन् । अझै पनि एचआइभीको अवस्था थाहा नपाएकाहरुलाई सर्वसुलभ परामर्श र परीक्षणबाट भेटाउने र सबै संक्रमितलाई बेलैमा उपचार, हेरचाह र स्याहार सेवा प्रदान गर्न आवश्यक रहेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व एड्स दिवसको सन्दर्भ

**एचआईभी वा एड्सको बारेमा जागरुकता बढाउन प्रत्येक वर्ष डिसेम्बर १ मा विश्व एड्स दिवस मनाउने गरिन्छ । सर्वप्रथम सन् १९८८ बाट मनाउन सुरु गरिएको यो दिवस त्यसयता निरन्तर विश्वव्यापी रुपमा मनाउने गरिएको छ । यस वर्षको दिवस आज नेपालसहित विश्वभर विभिन्न सचेतनाका कार्यक्रमहरु गरी मनाइँदै छ । आजको दिनलाई विश्वभरका एचआईभी संक्रमित व्यक्तिहरुलाई समर्थन जनाउँदै उनीहरुलाई बाँच्न हौसला प्रदान गर्ने तथा यस संक्रमणबाट मृत्यु भएका व्यक्तिलाई स्मरण गर्ने अवसरको रुपमा पनि लिइन्छ । एचआईभी एड्ससम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै एचआईभी एड्स विरुद्ध गरिएका कार्यक्रम तथा गतिविधिहरुका बारेमा सबै ठाउँमा सूचना पुऱ्याउनु नै यस दिवसको मुख्य उद्देश्य रहेको छ ।**

**हाल विश्वभरि नै प्रमुख स्वास्थ्य समस्याका रुपमा देखिएको एचआइभी पीडितहरुको अवस्थामा विगत केही समययता क्रमिक रुपमा सुधार आइरहेको छ । तर एड्सका कयौं पक्षहरुलाई अझै पनि गहिरोरुपमा सम्बोधन गर्न सकिएको छैन । एचआइभी संक्रमणको अन्तिम अवस्थाको रुपमा लिइने एड्सलाई लिएर देखिने व्यवहार भने अझै पनि अनुकरणीय बन्न सकिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो । नेपालमा बढी मात्रामा वयस्क जनसंख्या एचआईभीको जोखिममा छन् । असुरक्षित यौन सम्पर्क, असावधानी रुपमा सिरिञ्जको प्रयोग लगायतका कारणले एचआईभीको जोखिम बढ्दो छ । एड्सजस्तो घातक रोगप्रति देखिनुपर्ने जुन प्रकारको सचेतना हो त्यसमा भने निकै नै कमी आइरहेको प्रतित हुन्छ । नेपालमा हरेक वर्ष एड्स दिवस मनाइन्छ तर त्यो औपचारिकतामा मात्र सिमित बन्न पुगेको छ । विशेष गरी रोजगारीका लागि भारत वा तेस्रो मुलुक गएका व्यक्तिबाट यो संक्रमण फैलिने गर्दछ । जसका कारण मानिसहरूको मृत्यु अकालमै हुने गरेको छ । यसर्थ वास्तविक संक्रमितहरुको पहिचान गरी उचित व्यवस्थापन गर्न सके मात्र दिवस मनाउनुले साथर्कता प्राप्त गर्न सक्छ ।**

## Opinion @ Social Network

एउटा ल्यापटपबाट महिनाको लाखौं कमाउने युवा नेपालमा अहिले पनि हजारौं छन् । विदेश भएकालाई टिकट काटेर नेपाल ल्याउँछु भन्नेहरूले नपत्याउनु स्वभाविक हो ।
***(जीवन भण्डारीको फेसबुक स्टाटस** https://www.facebook.com/jeevan.bhandari.35)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तपाई कस्तो विद्यार्थी ?



श्रीकृष्ण सुलु

विद्यार्थीले सबै काम सिध्याएर घरमा दिनमा ५-६ घन्टा खाली समय पाउँछ । यो समय कसरी प्रयोग गर्छ भन्नेमा नै सफलता भर पर्छ । भनिन्छ राम्रो पढ्नेहरू नै राम्रो नेता बन्छन् । राम्रो सिक्नेहरू नै राम्रो कमाउने हुन्छन् । सिकाउन कहिल्यै नथाक्ने शिक्षक र सिक्न जहिल्यै उत्सुक विद्यार्थीले नै देशको मुहार फेर्छन् । युरोप-अमेरिका लगायत विकसित देशहरूको प्रगतिले यो यथार्थ प्रस्ट पार्छ । तर नेपालमा स्थिति यस्तो छैन । नेपालमा विद्यार्थीमा अध्ययनप्रतिको रुचि घट्दो छ । स्कूल, कलेज सबैतिर नतिजा खस्कँदो छ । विचलन बढ्दो छ । यो अत्यन्तै दुःखद् कुरा हो । देश विकास र सफल विद्यार्थी निर्माणका लागि विद्यार्थीको यो अरुचि र विचलन हटाउनै पर्छ । त्यसनिम्ति यसका कारण र निराकरणबारे प्रस्ट हुनुपर्छ ।

**विचलनका तत्व हटाउने :** एक जना सिद्धहस्त मूर्तिकारलाई एक पटक तपाईं कसरी यति अद्‌भुत सुन्दर मूर्ति बनाउनुहुन्छ भनेर सोध्दा उहाँले भन्नुभएको थियो, 'म केही गर्दिनँ, मात्र राम्रो मूर्ति बन्नका लागि अनावश्यक भागहरू खोपेर यी ढुंगाबाट हटाउँछु ।' सफल विद्यार्थी बन्न पनि विद्यार्थी जीवनबाट विद्यार्थी कालका विचलनका तत्वहरू हटाउनुपर्छ । फेसबुक, टिकटक, रेडिट, स्नापच्याट जस्ता सामाजिक सञ्जाल, खेलकुद, मोबाइल गेम, राजनीति, लागूऔषध लगायतका अनावश्यक विचलनका तत्वहरूबाट मुक्त हुनसके भने मात्र पनि विद्यार्थी जीवन सफल हुन्छ । अनावश्यक चिजमा धेरै समय दिइयो भने आवश्यक चिजको लागि समय अपुग हुने भएकोले विचलनका तत्वबाट ध्यान विकेन्द्रित गर्नु अनिवार्य छ ।

**एक क्षण पनि समय खेर नफाल्ने :** भनिन्छ एक गेडी त हो नि भनेर अन्न खेर फाल्नेले धन कमाउन सक्दैन, एक क्षण त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्दैन । विद्यार्थीले यो भावनाका साथ काम गर्न सकेन भने अर्थात् एक क्षण मात्र हो नि भनेर समय खेर फाल्ने बानी बसाल्यो भने त्यो विद्यार्थी सफल हुँदैन ।

विद्यार्थीले सबै काम सिध्याएर घरमा दिनमा ५-६ घन्टा फ्री समय पाउँछ । यो समय कसरी प्रयोग गर्छ भन्नेमा नै सफलता भर पर्छ । यो समय पनि सामाजिक सञ्जाल लगायत विचलनमा बितायो भने असफल भइन्छ, पढाइमा बितायो भने सफल भइन्छ । समय खेर फाल्ने, दुरुपयोग गर्ने काम गर्दै गयो भने त्यही अनुसारको लत बस्दै जान्छ । समय सदुपयोग गर्ने अभ्यास गर्दै गयो भने त्यही अनुसारको बानी र रुचि बस्दै जान्छ । पूर्वतिर हिंड्यो भने झन्-झन् पूर्व पुगिन्छ, पश्चिमतिर हिंड्यो भने झन्-झन् पश्चिमतिरै पुगिन्छ । दिशा महत्वपूर्ण होस् बानी भनेको राम्रै बसाल्नुपर्दछ भनेको यही हो । विद्यार्थी सुखार्थी हुनुहुँदैन, सुखार्थी विद्यार्थी हुन सक्दैन : आजकलका विद्यार्थी धेरै सौखिनदार छन् । धेरै सुख-सुविधा खोज्छन् । खेलकुद, मनोरञ्जनमा बढी ध्यान दिन्छन् । तर वास्तवमा सुखार्थी मानिस विद्यार्थी हुन सक्दैन र विद्यार्थी सुखार्थी हुनुहुँदैन । विद्यार्थी जीवन भनेको त मिहिनेत गर्ने संघर्षको जीवन हो । भनिन्छ, कुकुरको जस्तो निद्रा, बकुल्लाको जस्तो ध्यान, कागको जस्तो प्रयत्न, थोरै खानु, घर छोड्नु- विद्यार्थीका पाँच लक्षण हुन् । संघर्षको सुख नै सर्वश्रेष्ठ सुख हो भन्ने कुरा विद्यार्थीले मन्त्रको रूपमा लिनुपर्छ । विद्यार्थी जीवनमा जति दुःख, कष्ट, संघर्ष गऱ्यो, पछि त्यति नै सुख हुने हो, मीठो फल प्राप्त हुने हो । राम्रो पढे, राम्रो अंक आउने, राम्रो अंक ल्याए, राम्रो काम र अवसर पाउने हो । **लेखेर पढ्ने बानी बसाल्ने :** किताब हेर्दा आउँछ जस्तो लाग्ने तर त्यही कुरा परीक्षा लेख्न नसकिने हुनुको मुख्य कारण लेखेर पढ्ने बानी नहुनु हो । बुझ्नु ठूलो कुरा हो भने बुझाइलाई पुस्तिकामा उतार्नु झन् ठूलो कुरा हो । लेखेर पढ्यो भने मात्र बुझाइलाई उत्तरपुस्तिकामा उतार्न सजिलो हुन्छ । त्यसैले लेखेर पढ्नुपर्छ । लेखेर पढ्दा स्मरण शक्ति, शुद्धता र आत्मबल वढ्छ । हिसाब जस्तो विषयमा त लेखेरै अभ्यास गर्नुपर्छ । विज्ञान आदिमा चित्र र तथ्यांक सहित पढ्नुपर्छ । प्रतिभालाई निरन्तर**ताले जित्ने :** झरनामा नरम पानीले पनि कडा चट्टानलाई खियाउँछ, निरन्तरताले गर्दा । त्यसै गरी नियमित पढ्ने औसतको विद्यार्थीले पनि प्रतिभावान् विद्यार्थीलाई उछिन्न सक्छ । त्यसैले विद्यार्थीले नियमित पढ्ने बानी बसाल्नुपर्छ । नियमित पढ्ने भन्नाले कक्षामा नियमित बस्ने र अनुशासित बन्ने भन्ने पनि पर्छ ।

अहिले कति मानिसलाई स्कूल, कलेज किन पढ्न पऱ्यो र इन्स्टिच्युटतिर केही सीप सिके भैहाल्यो भन्ने छ । शिक्षालाई श्रमसँग जोड्नुपर्ने एउटा पक्ष त छ तर कखरा नसिकी कविता लेख्न सकिंदैन । सफलता भनेको प्रतिभा र मिहिनेतको योगफल हो । प्रतिभाले कडा परिश्रम गर्दैन भने कडा परिश्रमले प्रतिभालाई हराउँछ भन्ने भनाइ नै छ । अघिल्लो रात अनिंदो बसेर हैरान हुनुभन्दा नियमित अध्ययन गर्नु सबै हिसाबले श्रेष्ठकर छ ।

**किताब नै पढ्ने :** प्रविधिको जति विकास भए पनि ज्ञानको मुख्य स्रोत किताब नै हो । अहिले कतिलाई प्रविधिको विकासले गर्दा किताब पढ्नुपर्दैन, सबै इन्टरनेटमा छ, त्यहींबाट बुझ्न सकिन्छ भन्ने लाग्छ । तर कुरा त्यस्तो होइन । किताबमा जति सही र गहिरो ज्ञान अरूबाट प्राप्त हुँदैन । अझ ब्लगर, युट्युबर, टिकटिकर वा सामाजिक सञ्जालमा विश्वास गर्नु या भर पर्नु त बेकार नै छ । किताब भनेको दाल, भात, तरकारी या मुख्य खुराक हो भने इन्टरनेट वा अरू भनेको अचार जस्तै मात्र हो । खाना खाँदा अचार मात्र खानुहुँदैन । बिरामी भइन्छ । शरीर स्वस्थ र बलियो बनाउन दाल, भात, तरकारी नै खानुपर्छ । तर अहिलेका युवाहरू अचार मात्र खान खोज्छन् । यो गलत छ । सफल विद्यार्थी बन्न किताब नै अध्ययन गर्नुपर्छ । विचलन र भ्रममा पर्नुहुँदैन । तर पूरकको रूपमा सूचनाप्रविधि र अरूको पनि प्रयोग गर्न सकिन्छ ।

**सूचनाप्रविधिको सदुपयोग गर्ने :** सूचनाप्रविधिको दुरुपयोगले विद्यार्थीलाई बहकाउँछ भने सदुपयोगले सघाउँछ । सूचनाप्रविधिको सदुपयोगले अध्ययन-अनुसन्धानमा महत्वपूर्ण सहयोग लिन सकिन्छ । इन्टरनेट मार्फत आफ्नो रुचि अनुसारको अध्ययन सामग्री, अनुसन्धान पत्र, दस्तावेज प्राप्त गर्न सकिन्छ । अध्ययन-अनुसन्धान गर्न सकिन्छ । सूचनाप्रविधिको सदुपयोग गर्नु या गर्न जान्नु ज्ञानको नयाँ आँखा हुनु जत्तिकै भइसकेको छ ।

प्रविधिको विकासले सानो चिप्समा पनि धेरै चिज अटाउने, एउटै मोबाइलमै हजारौंको फोन नम्बर, लाखौं फोटो, दस्तावेज र भिडिओ राख्न सकिने, अथाह तथ्याङ्क र सूचनाहरू सुरक्षित गर्न सकिने भएकोले अध्ययनमा नयाँ मोड आएको छ ।

**प्रविधिसँगै विकास भएको भ्रमबाट बच्ने :** विकाससँगै 'विनास' भने जस्तै प्रविधिको विकाससँगै भ्रमको पनि 'विकास' भएको छ । प्रविधिको विकाससँगै सूचना-सञ्चारमा आएको बाढीले कुन सही, कुन गलत छुट्याउन गाह्रो छ । एकातिर जीवन उपयोगी भन्दा क्षणिक मनोरञ्जनको लागि प्रविधिको प्रयोग हुँदा चेतनालाई उत्तेजनाले जितेको छ भने अर्कोतिर धुवाँदार गलत प्रचारले गर्दा युवा पुस्ता प्रचारबाजीको शिकार बनेको छ । ग्राहमको नियम अनुसार बजारमा खोटो सिक्काले असल सिक्कालाई विस्थापित गरेको छ । पढ्न किन पऱ्यो र कलेज छोडेका पनि सफल भएका छन्, अर्बपति भएका छन् भन्ने जस्ता एकतर्फी धुवाँदार प्रचारले कलेज छोड्नेलाई प्रश्रय मिलेको छ । तर ती कलेज छोडेका अर्बपतिहरूले हप्ताको कति वटा पुस्तक पढ्छन्, रातो-दिन कति मिहिनेत गर्छन् भन्ने प्रचार नहुनाले कलेज छोड्ने तर नपढ्नेको लर्को बढेको छ । विदेश गएपछि स्वर्ग नै पुगे जस्तो, विदेशको भन्ने वित्तिकै जुनै शिक्षा पनि स्तरीय शिक्षा जस्तो प्रचार छ, गरिन्छ । यो ठूलो सांस्कृतिक आक्रमण हो । वास्तवमा विदेशमा जाने भनेको हामी तिनीहरूको सस्तो मजदुर र दोस्रो, तेस्रो दर्जाको नागरिक बन्न जाने हो । विदेशमा काम गरेर पढ्नुपर्ने र नेपालको भन्दा कम क्रेडिट आवरको पढाइ हुने भएबाट त्यो पढाइ राम्रो होइन भन्ने प्रमाणित हुन्छ । सफल विद्यार्थी बन्नका लागि प्रदर्शनी प्रभाव, मिडिया माइन्ड म्यानुपुलेसन, झुटा प्रचार आदिबाट बच्न आवश्यक छ ।

**कखरा सिके पो कविता :** अहिले कति मानिसलाई स्कूल, कलेज किन पढ्न पऱ्यो र इन्स्टिच्युटतिर केही सीप सिके भैहाल्यो भन्ने छ । शिक्षालाई श्रमसँग जोड्नुपर्ने एउटा पक्ष त छ तर कखरा नसिकी कविता लेख्न सकिंदैन । लेखे पनि धेरै त्रुटि हुन्छ । आधारभूत कुरा सबै जान्नैपर्छ । सुमधुर गीत निकाल्न शास्त्रीय संगीत सिक्नुपर्छ भने जस्तै ज्ञान विज्ञान बुझ्न शास्त्रीय अध्ययन चाहिन्छ । अहिले केही विशेष घटना या अपवादलाई देखाएर त्यसलाई नै नियम मान्ने वा नियम झैं गरी व्याख्या गर्नेहरू पनि धेरै छन् । कुनै चिजलाई घटनाको आधारमा होइन शास्त्रीय ज्ञानको आधारमा विश्लेषण गर्नुपर्छ । अनि मात्र वैज्ञानिक विश्लेषण हुन्छ र सही निचोडमा पुग्न सकिन्छ । भाग्यमा होइन मिहिनेतमा

**विश्वास गर्ने :** आजकल पढे-लेखेको भए पनि कतिपय मानिस असफल भएपछि भाग्यलाई दोष दिन पुग्छन् । परीक्षामा असफल भयो भने वा कतै प्रवेश परीक्षामा नाम निस्केन भने, भाग्यमै रहेनछ भन्छन् । वास्तवमा भाग्यमा नभएको होइन मिहिनेत नपुगेको हो । सफलता भनेको मिहिनेत र प्रतिभाको योगफल हो । त्यो नपुगेको हो । भाग्य नै निर्णायक हुने भए त, भाग्य अति नै बलियो भनिएको दिनमा कोही गाडी चलाउन नै नआउने मानिस ट्रायल दिन गए पास हुनुपर्नेह तर पास हुन्न । पास हुनको लागि सिक्नु पऱ्यो, जान्नु पऱ्यो, अभ्यास गर्नु पऱ्यो, खुबी र सीप हुनुपऱ्यो । त्यसैले निर्णायक भाग्य होइन मिहिनेत हो । भाग्य नै सबथोक हुने भए बाटो काट्दा जेबाक्रसमा किन दायाँ-बायाँ हेर्न पऱ्यो र भन्ने स्टेफन हकिन्सको भनाइ नै छ नि ! अर्को कुरा भाग्यमा विश्वास गर्नाले मान्छेलाई अल्छी बनाउँछ भने मिहिनेतमा विश्वास गर्नाले मान्छेलाई मिहिनेती बनाउँछ ।

**धारणा स्पष्ट गरेर पढ्ने :** पढ्दाखेरि घोकेर भन्दा पनि बुझेर पढ्नुपर्छ । धारणा स्पष्ट गरी पढ्नु र कण्ठ गर्नुमा गुणात्मक रूपमा धेरै फरक हुन्छ । किताब पढ्नु र सामाजिक सञ्जाल या इन्टरनेट हेर्नुमा यही फरक छ । २ गुणा २+२.४ हुन्छ भन्ने जान्ने तर कसरी हुन्छ भनेर नजान्नेलाई १+३ कति हुन्छ, १+१+१+१ कति हुन्छ थाहा हुन्न । घोकेर पढ्नेले वास्तविक जीवनको समस्या हल गर्न सक्दैन । त्यसैले बुझेर पढ्नुपर्छ ।

**परिश्रम, परिश्रम, परिश्रम :** विश्वका धेरै विद्वान्ले जति ज्ञान प्राप्त गरे ती सबैको आधार विद्यार्थीकालको अध्ययन नै भनेका छन् । त्यसैले विद्यार्थीकालको मिहिनेत अति नै महत्वपूर्ण हुन्छ । र, मिहिनेतको विकल्प पनि छैन । क, ख, ग नसिकी कविता पढ्न, लेख्न सिकिन्न । र त, नवआगन्तुक विद्यार्थीलाई विश्मार्कले भनेका थिए, "नव आगन्तुकहरूलाई मेरा तीन शब्द परिश्रम, परिश्रम, परिश्रम ।"

**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्ष सामान्य रहनेछ। राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : शुभ समाचार सुन्न पाइएला। आम्दानी अनुसारको खर्च गर्नुहोस् । |
| **वृष** : आज धन खर्च बढ्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभारम्भको चर्चा चल्नेछ । ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** :आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** :चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

# कृषि

## हाटबजारमा चार हजार दुई सय किलो मास बिक्री



तनहुँको आँबुखैरेनी गाउँपालिका-५ का कृषकले मास बिक्री गरी एकैदिन आठ लाख ४० हजार आम्दानी गरेका छन् । उक्त वडाका खेउसिङ, भकुण्डी, मजुवा, डोडेका कृषकले उत्पादन गरेको मास शुक्रबार बिक्री गरेका थिए ।

आँबुखैरेनी ३ मा सञ्चालन गरेको हाटबजारमा चार हजार दुई सय किलो मास बिक्री भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिए । उनका अनुसार उक्त मास प्रति किलो दुई सयमा बिक्री गरेका छन् । हाटबजारमा २९ जना कृषकले मास बिक्री गरेका छन् । उनले भने, 'त्यस वडाका कृषकहरू व्यावसायिक मास उत्पादनमा लागेका छन् । मासले बजार पाउँदा कृषक खुसी छन् ।' गाउँपालिकाले हाटबजारसम्म मास ढुवानीका लागि सवारी साधनको व्यवस्थापन गरिदिएको थियो । त्यस्तै मास उत्पादन गर्ने कृषकलाई प्रति किलो २५ अनुदान दिने व्यवस्था मिलाइएको प्रमुख केसीले बताए । हाटबजारमा मास बिक्री गरेर एउटा कृषकले बढीमा ६० हजारसम्म आम्दानी गरेका छन् । खेउसिङका कृषक चन्द्रबहादुर भुजेलले आफूहरूले उत्पादन गरेको मासले बजार पाउँदा यस खेतीतर्फ लाग्न हौसला मिलेको बताए । उनले भने, 'मासको ढुवानी पनि गाउँपालिकाले नै गरिदिएको छ । उत्पादनका आधारमा अनुदानको व्यवस्था पनि मिलाउँदा कृषकलाई सहज भएको छ ।' भकुण्डीका ईश्वर गुरुङ, खेउसिङका ईश्वर गुरुङ, मजुवाका मनबहादुर भुजेलले व्यावसायिक रूपमा मास खेती गरिरहेका छन् ।

आँबुखैरेनी गाउँपालिका-५ का वडाध्यक्ष सन्तोष गुरुङले गाउँ-गाउँ पुगेर मास सङ्कलन गरी हाटबजारसम्म ल्याउन वडाले सहजीकरण गरेको जानकारी दिए । गाउँपालिकाले विगत एक वर्षदेखि प्रत्येक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ । हाटबजारले स्थानीय कृषक र उपभोक्तालाई प्रत्यक्ष जोड्ने काम गरेको छ । गाउँपालिकाले सञ्चालन गरेको हाटबजार स्थानीय कृषि उपज बिक्री वितरणका लागि प्रभावकारी थलोको रूपमा विकास भएको छ । हाटबजारमा प्रत्येक शुक्रबार कृषकले उत्पादन गरेका कृषि उपज वस्तु बिक्री वितरणका ल्याउँछन् । उपभोक्ता पनि कहिले शुक्रबार आउँछ र ताजा कृषि उपज सामग्री आउँछ भनेर कुर्छन् । हाटबजारमा स्थानीय मह, गोलभेडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगान लगायतका दैनिक उपभोग्य वस्तु बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ । गाउँपालिकाले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए ।

चुमानका अुसार वार्षिक रु दश लाख ५० हजार भाडा तिर्ने गरी गाउँपालिकाले जग्गा भाडामा लिएको थियो । गाउँपालिकाका जुनसुकै वडाका कृषकले पनि आफूले उत्पादन गरेका सामग्री यहाँ ल्याएर बेच्न सक्ने उनले बताए । **-रासस**

## बीस वर्षदेखि कृषि कर्ममा रमाइरहेका चन्द्रवंशी परिवार



जिल्लाको बराहक्षेत्र नगरपालिका-९ श्रीलङ्का टप्पुका अर्जुन चन्द्रवंशीले गोलभैंडा खेतीबाट वार्षिक रु ३० लाख आम्दानी गर्दै आएका छन् । विगत २० वर्षदेखि व्यावसायिक कृषि पेसामा आबद्ध उनले गोलभैंडा खेतीलाई प्रमुख उत्पदानको स्रोत बनाएका हुन् ।

श्रीलङ्का टप्पुका किसानका बारीमा अहिले मकै, सागसब्जी, आलु, कोपी, बोडीलगायत मौसमअनुसार तरकारी उत्पादन भइरहेका छन् । अर्जुनको व्यवसायमा उनका चार छोराले साथ दिइरहेका छन् । कृषि कर्मको आम्दानीबाट जीविकोपार्जन भइरहेको बताउँदै अर्जुनले गोलभैंडाबाट मात्रै सबै खर्च कटाएर २० लाख बचत हुने गरेको जानकारी दिए । अहिले करिब चार बिघा क्षेत्रफलमा गोलभैंडा खेती गरिरहेको अर्जुनका छोरा श्रीराम चन्द्रवंशीले बताए । गोलभैंडाबाट वार्षिक ३० लाख आम्दानी हुनेमा खेतीमा प्रयोग गर्ने मल, कर्मचारीलगायतको वार्षिक रु १० लाख जति खर्च हुने गरेको उनले बताए । श्रीराम भने, 'कृषिकर्म हाम्रो पुर्खौली पेसा हो । सुरुआती समयमा सागसब्जी, आलु, कोपिलगायत खेती गर्दै आएका थियौं । पछिल्लो समय गोलभैंडाबाट मनग्ये आम्दानी हुन थालेपछि यसप्रति बढी आकर्षित हुन थालेका हौं ।' गोलभैंडा अहिले थोकमा प्रतिकेजी रु एक सयमा फार्मबाटै व्यापारीले खरिद गरेर लैजाने गरेका उनले बताए । 'गत असोजमा आएको बाढीले चार कठ्ठा जति खेतीमा क्षति गर्यो ।

बारीमा छरेको मल बगाउनुका साथै केही डुबानमा पनि पर्यो । बाढीले करिब रु तीन लाख बढीको क्षति भएको थियो । अहिले भने मौसमले साथ दिएकाले उत्पादन राम्रो भइरहेको छ', श्रीरामले भने । गोलभैंडाको माग प्रशस्त भएकाले बजारीकरणको समस्या नरहेको उनले बताए । 'उत्पादित कृषि उपज बजार बोकेर लैजानुपर्दैन । व्यापारी आफैं गोलभैंडासहित अन्य सागसब्जी खरिद गर्न खेतबारीमै आउनुहुन्छ । यहाँ आउनेलाई बजार मूल्यभन्दा २० कम लिने गरेका छौं', श्रीरामले भने । धनकुटा, धरान, इटहरी, गाईघाट, राजविराज, बराहक्षेत्रलगायत स्थानबाट व्यापारी फार्ममा गोलभैंडा खरिद गर्न आउने गरेका उनले जानकारी दिए । गोलभैंडा खेतीमा लगानी र दु:ख बढी भए पनि मेहिनत गरेअनुसार प्रशस्त उत्पादन हुने भएकाले नोक्सान नहुने श्रीरामले अनुभव सुनाए । परिवारका चार दाजुभाइसहित थप २० जनाले रोजगारी पाएका उनले बताए । गोलभैंडाको मौसममा कम मूल्यमा बिक्री गर्नुपरे पनि बेमौसममा रु एक सयदेखि एक सय ५० सम्ममा बिक्री हुने श्रीरामले जानकारी दिए । उनका अनुसार वार्षिक छ सय क्विन्टल बढी भोलभैंडा बिक्री हुने गरेको छ ।

अहिले करिब २० बिघा क्षेत्रफलमा कृषिखेती गर्दै आएको बताउँदै करिब चार बिघामा गोलभैंडा, चार बिघामा मकै र बाँकी जग्गामा कोपि, बोडीलगायत सागसब्जी खेती गरिरहेको श्रीरामले जानकारी दिए । जिल्लामा हाल आठ हजार एक सय ५३ हेक्टर क्षेत्रफलमा तरकारी खेती हुँदै आएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिए । 'जिल्लाको बराहक्षेत्र नगरपालिकामा बढी मात्रामा गोलभैंडा, कोपी, बोडीलगायत सागसब्जीको प्रशस्त उत्पादन हुन्छ', उनले भने । उनका अनुसार गत असोजमा आएको बाढीले तीन सय ५४ हेक्टरभन्दा बढी खेती नष्ट गर्दा रु चार करोड ५२ लाख बराबरको क्षति भएको छ ।

सिँचाइ सुविधा, मलको उपलब्धतादगायत कारणले पछिल्लो समय नगरभित्र गोलभैंडासहित सागसब्जीको उत्पादन प्रशस्त हुन थालेपछि यहाँका अधिकांश परिवार यसतर्फ आकर्षित भएका नगरप्रमुख रमेश कार्कीले बताए । 'यहाँका करिब ९० प्रतिशत परिवार तरकारी खेतीमा आबद्ध छन् । श्रीलङ्का टप्पु तरकारी खेतीका लागि प्रख्यात क्षेत्र मानिनुका साथै बजारीकरणको समस्या नभएकाले कृषकको आकर्षण बढेको हो', उनले बताए । नगरपालिकाले स्थानीय किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले जैविक तरकारीखेतीमा अनुदान, पशुपालन गर्नेलाई लगानीमा सहयोग, सिँचाइ सुविधा र उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण, प्राविधिक परामर्शलगायत क्षेत्रमा आवश्यक सहयोग गर्दै आएको नगरप्रमुख कार्कीले बताए ।**-रासस**

## घरमा परिवारसँगै बसेर लाख कमाइ





साउदीमा लामो समय काम गरेर फर्केदेखि नै चन्द्रकान्त घिमिरेलाई नेपालमै केही गरूँ भन्ने इच्छा थियो । उनले कोसिस पनि गरे । तर आफूसँग भएको पैसाले नयाँ व्यवसाय थालिहाल्ने आँट पलाएन । केही समय यत्तिकै बस । फेरि साउदी नै जाने हो कि भन्ने सोचाइ पनि मनमा आयो । त्यसैबीच एसियाली विकास बैंक (एडिबी) को ग्रामीण उद्यम परियोजनाबाट उनले सहुलियत ब्याजको ऋण पाए । साउदीबाट बचाएर ल्याएको रकममा थपथाप पुँजी भेटेपछि उनी पशुपालन गर्न कस्सिए ।

कास्की, रामबगैंचाका ५१ वर्षीय घिमिरेले सुरूमा दुइटा भैंसी किनेका थिए । अहिले उनीसँग नौवटा भैंसी, एउटा राँगो, दुइटा गाई, तीनटा पाडापाडी गरेर १५ वटा वस्तुभाउ छन् । थप दुइटा भैंसी मगाइसकेका छन् । उनको व्यावसायिक यात्रा दुई लाख रूपैयाँबाट सुरू भएको थियो । त्यसपछि गएको वर्ष साना किसान कृषि सहकारी माझठाना कास्कीबाट २३ लाख रूपैयाँ सहुलियत ऋण लिएर वस्तुभाउ थपेको उनी बताउँछन् । एडिबीले सन् २०१९ मा ग्रामीण उद्यम परियोजना सुरू गरेको हो । यो परियोजनाअन्तर्गत गाउँ-गाउँमा खुलेका साना किसान सहकारीले सहुलियत ऋण दिँदै आएका छन् । देशमै केही गर्छु भन्ने योजना हुँदाहुँदै पुँजी अभावले बिदेसिन बाध्य युवाहरू यो परियोजनाबाट लाभान्वित छन् । चन्द्रकान्त तिनैमध्ये एक हुन् । 'वस्तुभाउ राम्ररी फस्टाएका छन् । वरपर प्रशस्त घाँस छ । जग्गा भाडामा लिएर पनि हरियो घाँस लगाएको छु । पराल भने आफ्नै खेतमा प्रशस्त छ,' उनले भने, 'अब एक साताभित्र दुइटा लैना भैंसी आउँदैछन् ।' उनी अहिले दिनको ५० लिटर दूध बेच्छन् । एक लिटर दूधको ११५ रूपैयाँका आधारमा महिनाको १ लाख ७० हजारभन्दा धेरैको कारोबार हुन्छ । दुइटा भैंसी थपेपछि जेठसम्म दैनिक ७० लिटर बेच्ने तयारी छ । त्यसपछि मासिक कारोबार २ लाख ४० हजार रूपैयाँ नाघ्नेछ । वस्तुभाउलाई घाँस, कुँडो, खोले लगायत सबै खर्च कटाएर दूध बिक्रीबाट मात्र मासिक झन्डै एक लाख रूपैयाँ आम्दानी हुने उनी बताउँछन् । जेठपछि भने उनी भैंसीको संख्या घटाएर खेतीपातीमा लाग्ने छन् । फेरि मंसिर लागेपछि खेती थन्काएर दूध व्यवसायमै फर्कने छन् । दूधको मुख्य बजार बूढीबजार हो । चन्द्रकान्तका दुई जना छोरा पालैपालो डेरीसम्म दूध पुऱ्याउन जान्छन् । दूधको पैसा महिनाको दुई किस्ता गरेर आउँछ । 'म यो कामबाट एकदमै खुसी छु । यो काम गर्न नसकेको भए फेरि विदेश जान्थें होला । अहिले त परिवारसँगै बसेर पैसा कमाएको छु । किन विदेश जाने ?' चन्द्रकान्तले भने, 'अब त पशुपालनलाई नै अझ बढाउँदै लैजाने मात्र सोच छ मनमा ।' उनी धान खेतीबाट पनि राम्रो कमाइ गर्छन् । सिजनमा जेठोबूढो धान बेचेर डेढ लाख कमाइ हुने उनी बताउँछन् । 'गोरूले जोत्नुपर्दा ८ हलको मेलो लाग्ने खेत छ । तलामा गएर हेर्नुहुन्छ भने पुराना धान चार भकारी छन् । लगभग ४५-५० मुरी फल्छ । एक भकारीले खान पुग्छ, बाँकी तीन भकारी त पूरै बेच्ने हो । डेढ लाखको त धान नै बेच्छु,' उनले भने । यो सफलता उनी एक्लैको मेहनतको फल होइन । उनकी श्रीमती मीना घिमिरेले पनि पूरा समय यसैमा दिँदै आएकी छन् । चन्द्रकान्तले विदेशको कमाइ र गाउँमै भैंसीपालन गरेर आएको आम्दानीबाट छोराछोरीलाई राम्रो शिक्षा दिएका छन् । जेठा छोराले काठमाडौंमा बसेर स्नातकोत्तर र कान्छाले स्नातकसम्मको पढाइ गरेर जागिर थालेको उनले बताए । कान्छा छोरालाई पनि पोखरामै स्नातकोत्तर पढाउने उनको विचार छ । 'गाउँमै यति राम्रो कमाइ हुने रहेछ, साउदी चाहिँ किन जानुभएको थियो त ?' हामीले सोध्यौं । 'कच्चा उमेरमै बिहे गरियो । छोराछोरी भइहाले । यिनलाई शिक्षादिक्षा कसरी दिने भनेर तनाव भयो । अनि एकचोटि विदेश जाम् न त भनेर जहाज चढें,' उनले विगत सम्झँदै भने, 'कुवाभित्रको भ्यागुतो भएर कति नेपालभित्रै बस्ने, एकचोटि घुमेर आऊँ भनेर गएँ ।' यो आजभन्दा १५ वर्षअघिको कुरा हो। त्यतिखेर उनी कास्कीकै एउटा चकलेट फ्याक्ट्रीमा काम गर्दै थिए । तलब ठिकठाकै थियो । तर त्योभन्दा राम्रो कमाइ होला भन्ने आसले उनी साढे तीन लाख रूपैयाँ खर्चेर साउदी पुगे । त्यहाँ उनको तलब ५०० रियाल (त्यस बेला करिब २० हजार नेपाली रूपैयाँ) थियो । साउदीमा उनको गाडी सफा गर्ने काम थियो । आफ्नो कमाइ र घरपरिवारको अवस्था सम्झेर खुब रोए । कोठामा रूँदा साथीहरूले देख्छन् भनेर ट्वाइलेटमा गएर रून्थे । 'परिवार सम्झेर आकुलव्याकुल हुन्थें । पिरले के गरौं कसो गरौं हुन्थ्यो । ट्वाइलेटमा धारा खोल्थें, अनि त्यही धाराको आवाजमा आफू रोएको आवाज दबाउँथें । त्यसपछि मुख धोयो, कोठामा आयो,' उनले भने,'तीन महिना त रोएरै बित्यो ।' चन्द्रकान्तलाई साउदीको कमाइ चित्त बुझेको थिएन । उनी कसरी धेरै पैसा कमाउने भनेर सोचिरहन्थे । पैसाकै लागि एक जना बंगालीसँग मिलेर खजुरको रक्सी व्यापार पनि गरे । बंगालीले रक्सी बनाउँथे, चन्द्रकान्त त्यही रक्सी किनेर लुकी लुकी बेच्थे । 'सय रूपैयाँमा एक बोतल रक्सी किनेर दुई बोतल पानी थप्थें र तीन सयमा तीन बोतल बेच्थें,' उनले भने, 'नेपाली, बंगाली, फिलिपिनोहरू खुब किन्थे ।' साउदीमा रक्सी बेच्नु गैरकानुनी हो । यो चन्द्रकान्तलाई पनि थाहा थियो । तैपनि पैसा कमाउने रनाहामा जोखिम मोलेरै भए पनि गैरकानुनी काममा लागेका थिए । त्यो बेला उनले महिनामै दुई-तीन लाख रूपैयाँ घर पठाउँथे । पछि फर्किने बेला पनि १७ लाख साथमै ल्याए । 'साउदीमै हुँदा मैले खरानेफाँटमा एक रोपनी जग्गा किनें । यहाँ आएपछि घर बनाएँ,' हातको इसारामा उनले भने, 'यो घर साउदीकै कमाइ हो ।' साउदीमा कमाएको रकम घरघडेरीमा खर्च गरेपछि उनलाई व्यवसाय सुरू गर्न भने पैसाको अभाव भयो । गाउँमै बसेर काम गर्ने हुटहुटी भए पनि रकम अभावले आँट्न सकेनन् । त्यही बेला एडिबी परियोजनाबाट पाएको सहुलियत ऋणले जीवनको बाटो नै फेरिएको उनी बताउँछन् । चन्द्रकान्तजस्तै कथा लाहाचोकका चन्द्रबहादुर शाहीको पनि छ । वैदेशिक रोजगारीबाट फर्केका उनी पनि एडिबी परियोजनाअन्तर्गत लाहाचोक साना किसान कृषि सहकारीबाट सहुलियत ऋण लिएर पशुपालन गरिरहेका छन् । अहिले उनी र उनकी श्रीमती अनिता सेन शाहीको पूर्णकालीन काम वस्तुभाउ स्याहार्ने हो । यो ऋण परियोजनाले कमाउन विदेश जानुपर्ने बाध्यता अन्त्य भएको शाही बताउँछन् । 'वस्तुभाउ नपालेको भए छोराछोरी पढाउन ऋण खोज्नुपर्थ्यो,' उनले भने, 'अहिले ऋण तिर्न र छोराछोरी पढाउन मज्जाले पुगिरहेको छ । हामी सन्तुष्ट छौं ।' उनले भैंसी र गाई पाल्न थालेको पाँच वर्ष भयो । कृषि विकास बैंकबाट १२ प्रतिशत ब्याजमा ऋण लिएर व्यवसाय सुरू गरेका थिए । चर्को ब्याज र कहिलेकाहीं हर्जनासमेत बुझाउनुपर्दा मारमा थिए । डेढ वर्षअघि एडिबी परियोजनाबाट ९ प्रतिशत ब्याजको सहुलियत ऋण पाएपछि वस्तुभाउ थपेर व्यवसाय विस्तार गरेको चन्द्रबहादुरले बताए । अहिले उनीसँग सातवटा भैंसी र तीनवटा गाई छन् । केही बाख्रा र कुखुरा पनि पालेका छन् । उनी दिनको ४४ लिटर दूध बेच्छन् । बजारको कुनै समस्या छैन। सबै सहकारीले किनिदिन्छ ।

सहकारीमा बेचेर बढी भएको दूध गाउँघरमै खपत हुन्छ । सहकारीमा बेच्दा लिटरको १०० रूपैयाँ र गाउँमा बेच्दा १२० रूपैयाँ पाउने उनी बताउँछन् । कामको खोजीमा कहिले मलेसिया त कहिले युएई पुगेका चन्द्रबहादुरले अहिले आफ्नै घरमा पशुपालन गरेर एक जनालाई रोजगारीसमेत दिएका छन् । उनीहरूका दुई छोराछोरी पोखरामा पढ्छन् । 'विदेशमा पनि कमाइ त राम्रै थियो । दुबईमा गाडी चलाउँदा लाख कमाउँथें । तर अर्काको गुलामी गर्नुभन्दा आफ्नै देशमा काम गर्छु भनेर फर्कें,' ४३ वर्षीय चन्द्रबहादुरले भने, 'अब अर्काको देश नजाने, यहीं कृषि कर्म गर्ने भनेर लागेको छु ।' उनले अगाडि भने, 'यहाँ केही गर्ने आधार नभएको भए त सोच्नुपर्थ्यो, आधार पाइएको छ । छोराछोरीले कति पढ्छन्, त्यसमा लगानी गर्ने हो ।' चन्द्रकान्त र चन्द्रबहादुरजस्तै वैदेशिक रोजगारीबाट फर्किएका र विदेश जाने तर्खर गरिरहेका थुप्रै युवा सहुलियत ऋण पाएपछि गाउँमै रोकिएका छन् । गाउँमै केही गर्छु भन्ने सोच भएका र सहुलियत ब्याजमा ऋण पाएका कारण काम गर्न सहज भएको उनीहरू बताउँछन् ।**-सेतोपाटी डटकम**

## रामपुरमा सार्वजनिक सुनुवाई

# ‘नगरको विकासमा जनताको सुझाव अपरिहार्य’

**पाल्पा,** मंसिर १५/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले नगरको विकासमा जनताको सुझाव अपरिहार्य रहेको बताएका छन् । रामपुर नगरपालिकाको आयोजना र सीताकुण्ड मिडिया प्रा.लि. रामपुर पाल्पाको सहजीकरणमा भएको नगरपालिकाको प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिदै उनले जनताको सुझाव नगर विकासका लागि अपरिहार्य रहेको बताएका हुन् ।



नगर प्रमुख थापाले सबैको सहभागीता र सल्लाह सुझावबाट मात्रै विकासले गति लिने उल्लेख गरे । उनले भने,‘नगरको विकासमा जनताको सुझाव अपरिहार्य छ, तपाईहरुले सुझाव, सल्लाह दिनुभयो भने हामीलाई पनि काम गर्न जागर र उत्साह जागेर आउन्छ ।’ सबै नगरवासीलाई प्रमुख थापाले सुझाव र सल्लाह दिन आग्रह गरे । उनले विकासका पूर्वाधार निर्माणको काम अघि बढिरहेकाले निर्माण कार्यमा सहयोग गर्न समेत जनतालाई भनेका छन् । निर्माण सम्पन्न भएका पूर्वाधारको मर्मत सम्भारमा नगरपालिकासँगै स्थानीयको महत्वपूर्ण भूमिका हुने नगर प्रमुख थापाले उल्लेख गरे । उनले समयमै योजना निर्माणका लागि स्थानीयको साथसँगै गुणस्तरको लागि सबैले निगरानी गर्नुपर्नेमा जोड दिए । प्रमुख प्रशासकिय अधिकृत सुर्यदर्शन पण्डितले नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा चालु तर्फ ५५ करोड ६२ लाख ६९ हजार विनियोजन भएकोमा हालसम्म ११ करोड ६६ लाख १७ हजार ३४ रुपैयाँ र पुँजीगत तर्फ १८ करोड ४८ लाख ३५ हजार विनियोजन भएकोमा ५७ लाख ३४ हजार ६ सय ३० खर्च भएको बताए । उनले चालु आर्थिक वर्षमा हालसम्म नगरपालिकामा भएका कार्यक्रमहरुको प्रगति विवरण प्रस्तुत गरेका थिए । कार्यक्रममा सहभागीहरुले घर नक्सा पास, गिट्टी बालुवाको टेण्डर तथा उत्खनन्, फोहोर मैला व्यवस्थापन, नगर भित्रका मेडिकलहरुको अनुगमन प्रभावकारी हुन नसकेको, घरहरुको अभिलेखिकरण, छात्रवृति, धानबालीमा देखिएको समस्या, सार्वजनिक यातायातको भाडादर, निकासी कर, नागरिकतासहित सार्वजनिक सेवा लगायतका विषयमा जिज्ञासा राखेका थिए । सहभागीहरुको जिज्ञासा इलाका प्रशासन कार्यालय रामपुरका प्रमुख गणेश बहादुर कार्की, रामपुर नगरपालिकाका इन्जिनियर रञ्जन न्यौपाने, शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुंवर, कृषि शाखा प्रमुख नारायण प्रसाद गैरे लगायतले सम्बोधन गरेका थिए । नगर प्रमुख रमणबहादुर थापाको अध्यक्षता, उपप्रमुख बालकुमारी थापाको स्वागत, पत्रकार विष्णु घिमिरेको सहजीकरणमा कार्यक्रम भएको थियो । नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक प्रगति समिक्षा सहितको सार्वजनिक सुनुवाई गरेको हो ।

# आज स्थानीय...

...निर्वाचनमा तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा छन् । उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले भाग लिएका छन् । मतदान कार्य सम्पन्न भई सबै मतपेटिका तोकिएको मतगणनास्थलमा संकलन भएपछि मतगणना कार्य प्रारम्भ हुनेछ । मतगणनाको अद्यावधिक परिणाम आयोगको बेवसाइटमा हेर्न सकिने आयोगले जनाएको छ । आयोगले मतदाता नामावलीमा नाम भएका सम्बन्धित निर्वाचन क्षेत्रका सम्पूर्ण मतदाताले आफूलाई मन परेको उम्मेदवारलाई मतदान गरी आफ्नो मताधिकारको प्रयोग गर्न आह्वान समेत गरेको छ । मतदाताले मतदान केन्द्रमा आफूलाई प्राप्त मतपत्र लिई गोप्य मतदान कक्षमा गएर मन परेको कुनै उम्मेदवारको चिह्न भएको कोठामा स्वस्तिक छापले मत सङ्केत गर्नुपर्ने हुन्छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०८/१६**

यस श्री भुसलडाँडा माध्यमिक विद्यालय तानसेन–१, भुसलडाँडा पाल्पामा मिति २०८१/०८/११ गतेका दिन बसेको विद्यालय व्यवस्थापन समितिको बैंठकको निर्णय तथा तानसेन नगरपालिकाको मिति २०८१/०८/१२ गतेको च.नं. ०८८२ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाइ, तानसेन पाल्पाको मिति २०८१/०८/१४ गतेको च.नं. ०५९८ को विज्ञापन अनुमती पत्र अनुसार यस विद्यालयमा निम्न माध्यमिक तह विज्ञान विषयको राहत (करार) पदमा शिक्षक पदपुर्ति गर्नुपरेको हुँदा योग्य नेपाली उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

१. **विज्ञापन नं.** : ०२/२०८१/०८२, २. **पद** : शिक्षक, ३.**पद संख्या** : १ (एक)
४. **तह : निम्न माध्यमिक राहत (करार),** ५. **विषय** : विज्ञान
६. **शैक्षिक योग्यता** : विज्ञान मुल विषय लिई १० + २ वा सो सरह उत्तिर्ण ।
७. **दरखास्त दस्तुर** : रु.७००/–(सात सय रुँपैया मात्र) ।
८. **तलब स्केल** : प्रचलित नियम अनुसार, ९. **नियुक्तिको किसिम** : राहत (करार)
१०. **उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
११. **दरखास्त दिने स्थान** : विद्यालय प्रशासन
१२. **परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता
१३. **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु, अध्यान अनुमतीपत्रको प्रतिलिपी, अनुभवको प्रतिलिपीहरु र निवेदन ।
१४. **दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति** : २०८१/०८/३० गते विद्यालय समयभित्र ।
१५. **सम्पर्क मिति** : २०८१/०९/०१ गते ।
१६. **परीक्षाको मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
१७. **प्राथमिकता** : माथिल्लो योग्यता भएका तथा कम्प्युटर सम्बन्धी दक्षता भएका उम्मेदवारलाई विशेष प्राथमिकता दिईनेछ ।

**पुनश्च** : तोकिएको अवधी भित्र शिक्षक सेवा आयोगको करार सुचिमा सुचिकत आवेदकले निवेदन दिएमा प्राथमिकता दिइनेछ र अन्य आवेदकको निवेदन फिर्ता गरिनेछ । अन्य जानकारीका लागि विद्यालय खुलेको समयमा निम्न लिखित फोन नं.मा सम्पर्क गर्न सकिनेछ । फोन नं. ०७५–५२२७८४ (कार्यालय), ९८४७०२८५४८(प्र.अ.), ९८५७०६०९८५ स.प्र.अ.) ९८४७०४३३१९ (अध्यक्ष) ९८६७५४७२९८ (लेखापाल)

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**
तानसेन–१, पाल्पा


खेलकुद समाचार

## एनपीएलमा जनकपुरको विजयी सुरुवात



**काठमाडौं,** मंसिर १५/नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो खेलमा विराटनगर किंग्सललाई हराउँदै जनकपुर बोल्ट्स विजयी भएको छ । बलरहरू ललित राजवंशी, किशोर महतो र हर्ष थाकरको प्रदर्शन अनि लाहिरु मिलान्थाको सानदार अर्धशतकमा जनकपुर बोल्ट्सले विराटनगर किंग्सलाई ८ विकेटले हराउँदै विजयी सुरुवात गरेको हो ।

मिलान्थाको अविजित अर्धशतक मद्दतमा विराटनगरले दिएको १२८ रनको लक्ष्य जनकपुरले १५.३ ओभरमा २ विकेट मात्र गुमाएर १३१ रन बनाउँदै पूरा गऱ्यो । मिलान्थाले ५३ बल खेल्दै ९ चौका र ३ छक्का मद्दतमा अविजित ७५ रन बनाए । उनलाई साथ दिएका थाकरले ३३ बलमा २ चौका प्रहार गर्दै अविजित २९ रन बनाए । स्कोर टाई भएको अवस्थामा उनले विजयी चौका प्रहार गरेका थिए । विराटनगरका क्रिस सोलले वाइड फालेपछि जनकपुरले पहिलो ओभरको पहिलो बलमै ११ रन जोडेको थियो । तर, सोलले आसिफ शेखलाई बोल्ड गर्दै विराटनगरलाई विकेट दिलाएका थिए । कप्तान अनिल शाह पनि व्यक्तिगत ५ रनमा आउट हुँदा जनकपुरले १५ रनमै २ विकेट गुमाएको थियो । प्रतिश जिसीले कप्तान अनिललाई बोल्ड गरेका थिए । तर, त्यसपछि मिलान्था र हर्ष थाकरले मिलेर इनिङ्स समाले । यो जोडीले तेस्रो विकेटका लागि शतकीय साझेदारी गरे । विराटनगरका क्रिस सोल र प्रतिश जिसीले एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले १९ ओभरमा सबै विकेट गुमाएर १२७ रन बनाएको थियो ।


मनको आवाज............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


अर्थ/कर्पोरेट समाचार

# तानसेनमा न्यू होराजन प्रदेशस्तरीय हाजिर जवाफ



**पाल्पा,** मंसिर १५/तानसेनमा न्यू होराइजन प्रदेशस्तरीय हाजिरजवाफ प्रतियोगिता भएको छ । न्यू होराइजन आवासीय मावि बुटवल को आयोजनामा ३१ औं न्यू होराइजन प्रदेशस्तरीय हाजिर जवाफ प्रतियोगिता तानसेन केन्द्रमा भएको हो ।

प्रतियोगितामा पाल्पा, गुल्मी, अर्घाखाँचीबाट ३५ वटा विद्यालयले भाग लिएका थिए । प्रतियोगितामा जनता मावि पाल्पा प्रथम भएको छ । यस्तै रामतुल्सी मावि रामपुर पाल्पा दोश्रो र रेन्वो बोर्डिङ स्कुल तेस्रो हुन सफल भएका छन् । त्यस्तै गरी बेथल बोर्डिङ स्कुल पाल्पा, देबवाणी मावि पाल्पा र महेन्द्र मावि तम्घास गुल्मी सान्त्वना हुन सफल भए । प्रतियोगितामा प्रथम, दोश्रो, तेस्रो र सान्त्वना हुने प्रतियोगीहरुलाई क्रमश: ९ हजार, ६ हजार, ४ हजार ५ सय र सान्त्वनालाई ५/५ हजार, प्रमाणपत्र, सिल्ड प्रदान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले प्रतियोगिताको उद्घाटन गरेका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै उनले निजि विद्ययालयले यस्ता खाले प्रतियोगिता आयोजना गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गरे । विशिष्ट अतिथि तानसेन नगरपालिका -७ का वडा अध्यक्ष प्रदीप खनालले विजयी प्रतियोगीहरुलाई बधाई ज्ञापन गर्दै आगामी दिनमा थप सफलताको शुभकामना व्यक्त गरे । प्रतियोगितामा प्रथम, द्वितीय हुनेलाई न्यू होराइजन बुटवलमा हुने फाइनलमा सहभागी गराइने कार्यक्रम समयोजक प्रकाश पन्थले बताए । न्यु होराइजन बुटवलका उपप्राचार्य बासुदेव अर्यालको अध्यक्षता, शिक्षक हरि पौडेलको सञ्चालनमा कार्यक्रम भएको पत्रकार राजेन्द्र लिगलले जानकारी दिए ।


## एड्स तथा यौन रोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परीक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई